**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 08.04.2026**

## • CM Meets PM

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसित भेट गर्दै सिक्किमको पूर्वाधार विकास, दिगो प्रगति र जनकल्याणसम्बन्धी प्राथमिकताबारे विस्तृत छलफल गर्नुभयो। उहाँले जुन २०२६-देखि नाथुला व्यापार मार्ग पुनः सञ्चालन हुने निर्णयप्रति आभार व्यक्त गर्दै सिक्किम राज्यत्वको स्वर्ण जयन्ती समापन समारोहमा सहभागी हुन प्रधानमन्त्रीलाई निमन्त्रणा दिनुभएको छ, जसलाई प्रधानमन्त्रीले सहर्ष स्वीकार गर्नुभएको बताइएको छ।

यसअघि मुख्यमन्त्री श्री तामाङले केन्द्रिय वित्त तथा कर्पोरेट मामिला मन्त्री निर्मला सीतारामणसित भेटघाट गर्दै महत्त्वपूर्ण विषयमा छलफल गर्नुभयो। भेटका क्रममा मुख्यमन्त्रीले पहाडी राज्यहरूका लागि विशेष विकास सहयोग कार्यक्रमअन्तर्गत सिक्किमलाई बिनियोजन गरिएको थप आठ सय बीस करोड रूपियाँको निम्ति कृतज्ञता व्यक्त गर्नुभयो। यसका साथै उहाँले पहाडी राज्यहरूले सामना गरिरहेका विशेष चुनौतीप्रति देखाइएको संवेदनशीलता र निरन्तर सहयोगप्रति पनि आभार प्रकट गर्नुभयो।

छलफलका क्रममा सिक्किमको विकास प्राथमिकतामा आर्थिक सहयोग सुदृढ गर्ने, पूर्वाधार विकास विस्तार गर्ने तथा दिगो विकासलाई तीव्रता दिने विषयमा विशेष जोड दिइयो। यस अवधि मुख्यमन्त्री श्री तामाङले प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा परिकल्पित सिमावर्ती क्षेत्र विकास कार्यक्रमको भ्रमणका लागि श्रीमती सितारामणलाई राज्यमा आमन्त्रित गर्नुभयो।

--------------------------------------X--------------------------------------

## • Tourists Evacuation

भारतीय सेना र सीमा सडक संगठनको पहलमा, जिल्ला प्रशासन तथा जिल्ला आपदा प्रबन्धन प्राधिकरणको समन्वयमा लाचेनमा थुनिएका पर्यटकहरूको सुरक्षित उद्धार गरिएको छ। यस उद्धार कार्यमा लाचेन जुम्सा, स्थानीय प्रतिनिधि, विभिन्न समिति, चालक समूह र स्थानीयबासीको सक्रिय सहयोग रहेको थियो।

पर्यटकहरूलाई आज विहान डोङ्क्या ला-शिव मन्दिर-जिरो पोइन्ट-युमथाङ-लाचुङ मार्ग हुँदै चरणबद्ध रूपमा सुरक्षित यथास्थानतर्फ प्रस्थान गराइयो। मंगनका जिल्लाधीश अनन्त जैन र पुलिस अधीक्षक LB छेत्रीसहित अन्य अधिकारीले घटनास्थलमा रहेर उद्धार कार्यको निगरानी गर्नुभयो। सर्वसाधारण र पर्यटकहरूले सम्बन्धित निकायहरूको समन्वित पहलप्रति प्रशंसा गरेका छन्।

--------------------------------------X--------------------------------------

- **Minister Monitored Connectivity Situation**

यसैबीच, लाचेन-मङ्गनका विधायक एवं सामाजिक कल्याण मन्त्री सामडुप लेप्चाले लाचेन-चुङथाङ सडक अवरुद्धपछि उत्पन्न अवस्थाको निरन्तर अनुगमन गर्दै यहाँ थुनिएका पर्यटकहरूको सुरक्षित उद्धार कार्यको अवस्थाबारे जानकारी लिनुभयो। मन्त्रीले आज ताराम छु क्षेत्रमा पुगेर पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध सडक मार्गको निरीक्षण गर्नुभयो। उहाँले यस अवधि यहाँ निर्मित अस्थायी पैदल पुलको अवलोकन गर्दै लाचेनवासीको साहस र सेवाभावको प्रशंसा गर्नुभयो।

--------------------------------------X--------------------------------------

- **Governor-MP Meets**

लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बाले आज लोकभवनमा राज्यपाल ओम प्रकाश माथुरसित भेट गर्नुभयो। भेट अवधि डाक्टर सुब्बाले राज्यमा केन्द्र सरकारद्वारा सञ्चालित सड़क एवं रेल सम्पर्क परियोजनाको प्रगतिको विस्तृत जानकारी दिनुभयो। राज्यपाल र सांसदबीच राष्ट्रिय राजमार्ग दशमाथि विशेष चर्चा भयो।

यस अवसरमा सांसदले उत्तर सिक्किममा राष्ट्रिय राजमार्गसित जोड़िएका समस्यामाथि विस्तृत चर्चा गर्नुभयो अनि यहाँ सुगम र वैकल्पिक सम्पर्कको आवश्यकतामाथि जोड़ दिनुभयो। सांसद डाक्टर सुब्बाले सिक्किम विधानसभामा लिम्बू-तामाङ आशन आरक्षणको लम्बित मुद्दा र बाहवटा छुटेका समुदायको बारेमा पनि राज्यपाल श्री माथुरलाई अवगत गराउनुभयो।

श्री माथुरले सांसदद्वारा उठाइएका सबै मुद्दाहरू ध्यानपूर्वक सुनेपछि यसबारेमा केन्द्र सरकार समक्ष प्रभावी ढङ्गमा राख्ने आश्वासन दिनुभयो।

--------------------------------------X--------------------------------------

- **High Cort Road Maintenance**

सिक्किम उच्च न्यायालयले बढ्दो सुरक्षा र आर्थिक चिन्तालाई उद्धृत गर्दै जीर्ण अवस्थामा रहेको रम्फू-रोड़ाथाङ सडक खण्डको मरम्मतसम्भार र यसलाई आफ्नो अधिकारमा लिने सम्बन्धमा चाँडै निर्णय लिन सड़क परिवहन तथा राजमार्ग मन्त्रालयलाई निर्देश दिएको छ। मुख्य न्यायाधीश न्यायमूर्ती A मुहम्मद मुस्ताक र न्यायाधीश न्यायमूर्ती मीनाक्षी मदन राईको खण्डपिठले यो सड़क र रङ्गेली-जुलुक क्षेत्रको अवस्था गम्भीर चिन्ताको विषय रहेको जनाएको छ।

न्यायालयले सुनुवाइको क्रममा उल्लेख गरेअनुसार रक्षा एवं सड़क परिवहन तथा राजमार्ग मन्त्रालयले २०२३-मा राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड (NHIDCL)-को अधिनमा लिने निर्णय गरेको यो सड़रको मरम्मत हालमा पनि सीमा सड़क संगठन (BRO)-ले गरिरहेको छ।

यस मुद्दामा भएको ढिलाइलाई मध्यनजर गर्दै उच्च न्यायालयले भनेको छ, यस मार्गलाई आधिकारिक रूपमा राष्ट्रिय राजमार्ग भनेर अधिसूचित नगरिएसम्म NHIDCL-ले यसको मर्मत कार्य अघि बढ़ाउन सक्नेछैन। यसको अघिल्लो सुनुवाई पाँच मईमा हुनेछ।

---------------------------------------X---------------------------------------

- **Training on Census**

आगामी जनगणनाका लागि घरसूचीकरण कार्यसम्बन्धी २ अप्रेलदेखि राभाङला सामुदायिक भवनमा आयोजित प्रशिक्षण कार्यक्रमको आज समापन भयो। कार्यक्रममा पर्यवेक्षक र गणनाकर्तासहित पच्चासजना सहभागी रहेका थिए। प्रभारी अधिकारी पनि रहेका महकुमा अधिकारी शरण D कालिकोटे र अतिरिक्त प्रभारी अधिकारी एवं राभाङलाका खण्ड विकास अधिकारी BB तामाङको समग्र पर्यवेक्षणमा सम्पन्न प्रशिक्षण सहायक निदेशक र स्थानीय तहका प्रतिनिधिहरूद्वारा दिइयो।

नाम्चीकी अतिरिक्त जिल्लाधीश तथा जनगणना २०२६-की जिल्ला नोडल अधिकारी त्रिसाङ तामाङको विशेष उपस्थितिमा सम्पन्न प्रशिक्षणमा गणना प्रक्रिया, तोकिएका ढाँचाको प्रयोग, जिम्मेवारी तथा कानुनी व्यवस्था सम्बन्धी विषय समेटियो। यस अवधि तथ्याङ्कको शुद्धता, गोपनीयता र समयसीमाको पालना गर्न विशेष जोड दिइयो। घरसूचीकरण कार्य यही महिनाको पन्द्रदेखि सोल्ह मईसम्म घरदैलो सर्वेक्षणमार्फत सञ्चालन गरिनेछ।

---------------------------------------X---------------------------------------